## ‘ओप्पो नयाँ वर्ष, नयाँ उमंग’ अभियान




काठमाडौं, चैत १, (नागरिक)- स्मार्टफोन ब्रान्ड ओप्पोले नेपाली नयाँ वर्षलाई लक्षित गर्दै ‘ओप्पो नयाँ वर्ष, नयाँ उमंग’ अभियान सार्वजनिक गरेको छ । यस अभियानमार्फत देशभरका ग्राहकलाई साप्ताहिक रूपमा आकर्षक पुरस्कार जित्ने अवसर प्रदान गरिनुका साथै बम्पर पुरस्कार पनि प्रदान गरिनेछ।

नेपाली नयाँ वर्षलाई स्वागत गर्दै सञ्चालन गरिएको यो अभियान चार हप्तासम्म चल्नेछ । अभियान अवधिमा ओप्पो स्मार्टफोन खरिद गर्ने ग्राहकले लक्की ड्रमा सहभागी भई विभिन्न आकर्षक पुरस्कार जित्ने अवसर पाउनेछन् ।

यस अभियानको उद्देश्य चाडपर्वको उत्साहलाई अझ बढाउनुका साथै ब्रान्डप्रति ग्राहकले देखाउँदै आएको निरन्तर विश्वास र समर्थनप्रति आभार व्यक्त गर्नु रहेको कम्पनीले जनाएको छ।

## सिटिजन्स बैंकद्वारा कर्मचारीलाई दीर्घ सेवा सम्मान



काठमाडौं, चैत १ (नागरिक)- सिटिजन्स बैंक इन्टरनेसनल लिमिटेडले बैंकमा अनवरत १० वर्ष र १५ वर्ष सेवा गरेका कर्मचारीलाई दीर्घ सेवा सम्मान प्रदान गरेको छ।

बैंकले १९ वर्षअघि २०६४ साल वैशाख ७ गते ४३ जना कर्मचारीबाट विधिवत रूपले बैंकिङ सेवा सुरु गरेको थियो । बैंकले चैत १ गतेलाई कर्मचारी दिवसका रूपमा मनाउँदै आएको छ।

बैंकले १९सौं वर्ष पूरा गरी २०औं वर्षमा प्रवेश गर्न लागेको अवसरमा एक महिने वार्षिक उत्सव सम्बन्धी कार्यक्रम आयोजना गरिरहेको छ।

बैंकको केन्द्रीय कार्यालय नारायणहिटी पथमा आयोजित एक कार्यक्रमका बीच बैंकका प्रमुख कार्यकारी अधिकृत गणेशराज पोखरेलले बैंकमा अविरल १० वर्ष सेवा प्रवाह गरेका ४८ जना र १५ वर्ष सेवा प्रवाह गरेका १४ जना गरी जम्मा ६२ जना कर्मचारीलाई प्रमाणपत्रसहित ‘दीर्घ सेवा सम्मान’ पदक प्रदान गरेका थिए । बैंकमा हाल १७ सय ६४ कर्मचारी कार्यरत छन् ।

## सिटिजन्स इन्ट्रा बैंक इन्डोर क्रिकेट प्रतियोगिता




काठमाडौं, चैत १ (नागरिक)- सिटिजन्स बैंक इन्टरनेसनल लिमिटेडको १९ औं वार्षिकोत्सवको अवसरमा आयोजित नवौं सिटिजन्स इन्ट्रा बैंक इन्डोर क्रिकेट प्रतियोगिता २०२६ सम्पन्न भएको छ।

फागुन २९ देखि फागुन ३० गते शनिबारसम्म काठमाडौंमा सम्पन्न सो प्रतियोगितामा व्यवस्थापन समूह अन्तर्गत आठ टिमको सहभागिता थियो । विभिन्न बैंकका विभागीय र शाखास्तरीय ८४ जना कर्मचारीको सहभागिता थियो । कार्यक्रमलाई सम्बोधन गर्दै प्रमुख कार्यकारी अधिकृत गणेशराज पोखरेलले यस्ता कार्यक्रमहरूले संस्थाको संस्थागत संस्कारलाई मजबुत बनाउने मात्र नभई सुशासन र प्रणालीगत अनुशासनप्रति संस्थाको प्रतिबद्धता समेत झल्काउने बताए। साथै यस्ता अवसरले संस्थाभित्र अनुशासन, आपसी सहकार्य तथा स्वस्थ जीवनशैलीलाई प्रवर्द्धन गर्न महत्त्वपूर्ण भूमिका निर्वाह गर्ने विश्वाससमेत उनले व्यक्त गरे। उक्त प्रतितोगिताका विजेताहरूलाई प्रमुख कार्यकारी अधिकृत पोखरेलले पुरस्कारसमेत वितरण गरेका थिए।

## माउन्टेन ड्यु नेपालको ‘पिक्स अफ करेज’ अभियान




काठमाडौं, चैत १ (नागरिक)- माउन्टेन ड्यु नेपालको अभियानले एसिया-प्रशान्त क्षेत्रको सर्वाधिक प्रतिष्ठित रचनात्मक अवार्ड समारोह ‘स्पाइक्स एसिया’ मा एक ग्रान्ड प्रिक्स, एक सिल्भर र दुई ब्रोन्ज गरी कुल चार वटा अवार्ड प्राप्त गरेको छ।

यस अभियानले कम चर्चामा रहेका हिमालहरू र तिनमा लुकेका साहसका प्रेरणादायी कथाहरूलाई उजागर गरेको माउन्टेन ड्यु नेपालले जनाएको छ । कथावाचन, डिजिटल संलग्नता तथा इमर्सिभ ब्रान्ड एक्सपिरियन्सको उत्कृष्ट संयोजनमार्फत पिक्स अफ करेजले नेपालको हिमाली पहिचानलाई साहसी र जीवन्त रूपमा प्रस्तुत गरेको थियो।

यस अभियानमा ‘लोकल एक्टिभेसन पार्टनर’ का रूपमा जोडिन पाएकोमा डिजिटल इनले विशेष गौरव महसुस गरेको छ । नेपालमा यसको प्रभावकारी कार्यान्वयन तथा दर्शकहरूसँगको व्यापक संलग्नता सुनिश्चित गर्न डिजिटल ईनले महत्त्वपूर्ण भूमिका निर्वाह गरेको थियो।

## दराज नेपालको ‘द रियल सेल’ घोषणा




काठमाडौं, चैत १ (नागरिक)- अनलाइन किनमेल गन्तव्य दराज नेपालले ‘द रियल सेल’ अभियान घोषणा गरेको छ। यो सेल चैत १ गते बेलुका ८ बजेदेखि चैत ६ गतेसम्म सञ्चालन हुने जानकारी दिएको छ। यो अभियान अवधिभर ग्राहकले ६० प्रतिशतसम्मको छुट, छनोट गरिएका सामानहरूमा निःशुल्क डेलिभरी र ६३ लाख रुपैयाँ बराबरका भौचरहरू सहितका आकर्षक अफरहरू प्राप्त गर्न सक्नेछन् ।

अघिल्ला सेलहरूमा झैं यस पटक पनि विशेष साझेदार अफरहरू समावेश गरिएका छन् । जसअन्तर्गत प्लाटिनम पार्टनर चर्च एन्ड ड्वाइट र रोटोका तर्फबाट ४४ प्रतिशतसम्मको छुट, गोल्ड पार्टनर ब्रान्ड हाउसका तर्फबाट ६० प्रतिशतसम्मको छुट र सिल्वर पार्टनर नाइकका तर्फबाट ५० प्रतिशतसम्मको छुट उपलब्ध हुने जानकारी दिइएको छ।

ग्राहकको विश्वास अझ सुदृढ बनाउन यसपटक पनि ‘बेष्ट प्राइस’ ट्याग भएका उत्पादनहरूमा दाराजको दुई गुणा प्राइस डिफ्रेन्स रिफन्ड प्रमिस लागु हुने दराज नेपालद्वारा जारी प्रेस विज्ञप्तिमा जनाइएको छ।

## शान्ति सेवा गृहका विद्यार्थीलाई शैक्षिक सामग्री




काठमाडौं, चैत १ (नागरिक)- एनआइसी एसिया बैंकले काठमाडौंको तिलगंगास्थित शान्ति सेवा गृहमा रहेका १५० भन्दा धेरै विद्यार्थीलाई शैक्षिक सामग्री हस्तान्तरण गरेको छ।

परोपकारी संस्थाका रूपमा काम गरिरहेको शान्ति सेवा गृहका विद्यार्थीको शैक्षिक गुणस्तर वृद्धि तथा पठनपाठनमा सहयोग गर्ने उद्देश्यले ती शैक्षिक सामग्री दिइएको बैंकले जनाएको छ। बैंकका प्रमुख कार्यकारी अधिकृत सुजितकुमार शाक्य र नायव प्रमुख कार्यकारी अधिकृत सन्तोषकुमार राठीले झोला तथा अन्य शैक्षिक सामग्री उक्त संस्थाकी प्रबन्ध निर्देशक अप्सरा कार्कीलाई फागुण २८ गते आयोजित एक कार्यक्रमका बीच हस्तान्तरण गरेका थिए।

बैंकले यसै वर्ष सातै प्रदेशका विभिन्न सरकारी तथा सामुदायिक विद्यालयमा कक्षा ६ देखि कक्षा १० सम्म अध्ययनरत गरिब, जेहेन्दार र पिछडिएका वर्ग तथा शारीरिक रूपमा विशेष क्षमता भएका विद्यार्थीलाई छात्रवृत्ति प्रदान गरेको छ।


### हरियाली बचत तथा ऋण सहकारी सस्थां लि.

ललितपुर महानगरपालिका -२५, खोकनादोबाटो
फोन नं. ०१५५९१११९/०१५५९१५००
Email: hariyali.sacos@gmail.com

### कर्जा चुक्ता गर्न आउने ३५ दिने सूचना !

**प्रथम पटक प्रकाशित मिति: २०८२/१२/०२**

यस हरियाली बचत तथा ऋण सहकारी सस्थां लि. ललितपुर महानगरपालिका -२५, खोकनादोबाटो केन्द्रिय कार्यालयबाट तपशिलमा उल्लेखित ऋणीले उपभोग गरेको कर्जाको सावाँ, व्याज र हर्जना रकम समेत तिर्न बुझाउनु पर्नेमा हाल सम्म नतिरी नबुझाई कर्जा सम्बन्धी शर्त बन्देजहरु उल्लंघन गरेकोले सो सम्बन्धमा मौखिक तथा लिखित रुपमा कर्जा तिर्न बुझाउन आउनु भनि पटक-पटक तर ताकेता गर्दा समेत कर्जाको सावाँ, व्याज तथा अन्य दै-दस्तुरको रकम समेत चुत्ता भुक्तानी नगरी आलटाल गरी कर्जा चुत्ता गर्ने तर्फ कुनै तत्पर्ता नदेखाएको हुनाले कर्जा चुत्ता गर्न आउनु भनि ३५ दिने सार्वजनिक सुचना प्रकाशित गरिएको छ।

यो सुचना प्रकाशित भएको मितिले ३५ (पैतिस) दिन भित्र यस संस्थालाई बुझाउनु पर्ने सावाँ, व्याज, अन्य दस्तुर समेत बुझाउन आउनु हुन सम्बन्धित ऋणी लगाएत व्यक्तिगत जमानी कर्तालाई समेत सुचित गरिन्छ। सो म्याद भित्र यस संस्थालाई बुझाउनु पर्ने सम्पुर्ण रकम चुत्ता भुक्तान गर्नु होला अन्यथा ऋण लिदा यस संस्थालाई लेखाई दिएको धितो लिलाम विकी गरी यस संस्थाको सम्पुर्ण लेना रकम असुल उपर गरि लिने समेत यसै सुचना द्धारा जानकारी गराइन्छ। साथै सुरक्षण बापत दिनु भएको धितो लिलाम विकीबाट यस संस्थाको सम्पुर्ण लेना रकम असुल उपर नभएमा वा धितो लिलामबाट समेत ऋण असुल उपर हुन नसके ऋणीको एकाघर संगोल परिवारमा रहेको वा निजहरुको चल अचल सम्पति बाट बैंक तथा वित्तिय संस्था ऐन, सहकारी ऐन नियमावली तथा प्रचलित कानुन बमोजिम असुल उपर गरी लिइने छ। साथै ऋणी तथा व्यक्तिगत जमानीकर्तालाई बैक तथा वित्तिय सघं संस्था सम्बन्धित ऐन बमोजिम कालो सुचिमा समावेश गरिने व्यहोरा समेत सम्बन्धित सबैलाई सुचित गराइन्छ।

| ऋणीको ठेगाना तथा तिनपुस्ते विवरण | फोटो | कर्जा शिर्षक |
|---|---|---|
| झापा जिल्ला धाईजन उ.म.न.पा वडा नं. ०१ जन्म स्थान भई हाल ललितपुर जिल्ला गोदावरी न.पा. वडा नं. ०७ टिकाभैरव बस्ने, श्री कृष्ण बहादुर लिम्बुको नातिनी बल बहादुर लिम्बुको छोरी राज कुमार लिङदेन (सुब्बा)को श्रीमती (ना.प्रं नं. ३००४११४९ जारी मिति २०५९/०३/१२ जि.प्र.का. भापा) वर्ष ४७ को **सुदेशमा लिङ्गदेन (सुब्बा)।** |  | धितो कर्जा |

| व्यक्तिगत जमानत दिनेको ठेगाना तथा तिनपुस्ते विवरण | फोटो |
|---|---|
| १. ताप्लेजुङ जिल्ला पेदाङ गा.वि.स वडा नं. ०६ जन्म स्थान भई हाल ललितपुर जिल्ला गोदावरी न.पा. वडा नं. ०७ टिकाभैरव बस्ने, श्री हर्क बहादुर लिम्बुको नाति मोती बहादुर लिम्बुको छोरा (ना.प्रं नं. २०९४३/१६६ जारी मिति २०५१/०४/२५ जि.प्र.का. ताप्लेजुङ) वर्ष ५० को **राज कुमार लिङदेन (सुब्बा)।** |  |
| २. ललितपुर जिल्ला गोदावरी न.पा. वडा नं. ०७ टिकाभैरव बस्ने, श्री मोती बहादुर लिम्बुको नाति राज कुमार लिङदेन (सुब्बा)को छोरा (ना.प्रं नं. २८-०१-७६-००१९५ जारी मिति २०७६/०१/१५ जि.प्र.का. ललितपुर) वर्ष २४ को **सिजन लिङदेन।** |  |
| ३. ललितपुर जिल्ला देवीचौर गा.वि.स वडा नं. ०२ जन्म स्थान भई हाल ललितपुर जिल्ला गोदावरी न.पा. वडा नं. ०७ टिकाभैरव बस्ने, श्री शेर बहादुर रुम्बाको नातिनी सुर्ज्ये बहादुर रुम्बा तामाङको छोरी (ना.प्रं नं. २८-०१-०६८-००८४२ जारी मिति २०६८/०१/२० जि.प्र.का. ललितपुर) वर्ष ४८ को **कमला तामाङ।** |  |

तपसिल

धितो राखिएको सम्पति विवरण

| क्र.स. | धितो सुरक्षण धनीको नाम | जिल्ला | नगर/गा.वि.स. | वडा नं. | कि.नं. | क्षेत्रफल |
|---|---|---|---|---|---|---|
| १ | सुदेशमा लिङ्गदेन (सुब्बा) | ललितपुर | छम्पी | ८/८ ग | ६८४ | ०-५-२-० |


## ग्लोबल आइएमईले वित्तीय साक्षरता कार्यक्रम गर्ने




काठमाडौं, चैत १ (नागरिक)- ग्लोबल आइएमई बैंक लिमिटेडले ग्लोबल मनि विक २०२६ को अवसरमा विद्यार्थी तथा युवा लक्षित वित्तीय साक्षरताका कार्यक्रम आयोजना गर्न लागेको छ।

बैंकले ग्लोबल मनि विक २०२६ को अवसर पारेर मुलुकका सातवटै प्रदेशमा सप्ताहव्यापी विद्यार्थी तथा युवा लक्षित वित्तीय तथा डिजिटल साक्षरताका कार्यक्रम आयोजना गर्न लागेको हो।

बैंकले ग्लोबल मनि विक २०२६ को मुख्य नारा ‘स्मार्ट मनि टक्स’लाई आत्मसात गरी चैत २ देखि चैत ८ गतेसम्म बैंकका विभिन्न शाखा कार्यालयबाट वित्तीय साक्षरता कार्यक्रम सञ्चालन गर्नेछ।

बैंकले वित्तीय साक्षरतासम्बन्धी विभिन्न सामाग्री उत्पादन तथा प्रकाशन गरी आफ्ना आधिकारिक सामाजिक सञ्जालहरूमार्फत् पनि प्रशारण गर्ने जनाएको छ।

वित्तीय साक्षरता अभिवृद्धिका लागि बैंकले हरेक वर्ष आफ्ना शाखा कार्यालयमार्फत् विभिन्न कार्यक्रम सञ्चालन गर्दै आइरहेको छ । यस आर्थिक वर्षमा हालसम्म बैंकको ७० भन्दा बढी शाखा कार्यालयहरूले वित्तीय साक्षरता कार्यक्रम सम्पन्न गरिसकेका छन्।

## सन नेपाल लाइफद्वारा २०८३ सालको क्यालेन्डर लोकार्पण



काठमाडौं, चैत १ (नागरिक) सन नेपाल लाइफ इन्स्योरेन्स कम्पनी लिमिटेडले २०८३ सालको क्यालेन्डर लोकार्पण गरेको छ। कम्पनीले आगामी वर्षको क्यालेन्डरलाई विशेष सन्देशसहित तयार पारेको छ, जसको मुख्य विषयवस्तु लोपोन्मुख वन्यजन्तु, दिगोपन, संरक्षण र सम्वर्द्धन रहेको छ।

कम्पनीले सार्वजनिक गरेको क्यालेन्डरमा नेपालमा पाइने विभिन्न लोपोन्मुख जनावरहरूको तस्बिर समावेश गरेको छ । प्राकृतिक सम्पदाको संरक्षण र भावी पुस्ताका लागि सुरक्षित भविष्य सुनिश्चित गर्नुपर्ने सन्देशलाई जीवन बिमाको मूल भावसँग जोड्दै क्यालेन्डर तयार गरिएको कम्पनीले जनाएको छ।

कम्पनीका अनुसार क्यालेन्डरले प्रकृति संरक्षणप्रति जनचेतना फैलाउनुका साथै जीवन बिमाले प्रदान गर्ने सुरक्षा, संरक्षण र भविष्यप्रतिको तयारीको सन्देश पनि बोकेको छ।

सन नेपाल लाइफ इन्स्योरेन्सले समय-समयमा सामाजिक उत्तरदायित्व र जनचेतनामूलक कार्यक्रममार्फत समाजमा सकारात्मक सन्देश प्रवाह गर्दै आएको छ । कार्यक्रममा कम्पनीका उच्च पदस्थ अधिकारीहरू तथा विभागीय प्रमुखहरूको उपस्थिति रहेको थियो।

## ‘हल्ट प्राइज फाउन्डेसन’ प्रतियोगितामा पेपर फ्लेम स्टुडियो विजेता



काठमाडौं, चैत १ (नागरिक)- द ब्रिटिस कलेजमा आयोजित सन् २०२६ को ‘हल्ट प्राइज फाउन्डेसन’ प्रतियोगितामा पेपर फ्लेम स्टुडियो विजेता बनेको छ । विद्यार्थी उद्यमशीलताको विश्वस्तरीय मञ्च मानिने उक्त प्रतियोगितामा सात विद्यार्थी स्टार्टअपहरूले आफ्ना व्यावसायिक अवधारणा प्रस्तुत गरेका थिए।

प्रतियोगितामा एन्डोरा, फार्म टु टेबल, इनोभो, मोकी टेक, पेपर फ्लेम स्टुडियो, ट्रेल म्यापर र आस्कमिक सहभागी थिए । स्टार्टअपहरूलाई टोलीको क्षमता, नवप्रवर्तन, सामाजिक प्रभाव र व्यावसायिक विस्तार योग्यताको आधारमा मूल्यांकन गरिएको थियो।


### Chautara Sangachokgadhi Municipality

Office of the Municipal Executive
Chautara, Sindhupalchok

### Invitation for Electronic Bids

**Date of publication: 2082/12/02 (16th Mar. 2026)**

The Chautara Sangachokgadhi Municipality, Chautara, Sindhupalchok invites electronic bids from nepali eligible Bidders for Procurement of the following works

| Contract Identification No. | Description | Bid Security Amount | Price of Bid Document | Bid Submission Last Date, Time | Bid Opening Date, Time |
|---|---|---|---|---|---|
| CSGM/SQ/ GOODS-02/082/083 | Supply and Delivery HDPE and Hume Pipe for Chautara Sangachokgadhi Municipality, Chautara, Sindhupalchok | NRs. 47,000.00 | NRs. 1,000.00 | 2082/12/17 (31st Mar. 2026) at 12:00 Hrs. | 2082/12/17 (31st Mar. 2026) at 13:00 Hrs. |

1. Future Details bidders are requested to visit PPMO website www.bolpatra.gov.np/egp.
2. The Employer reserves the right to accept or reject, wholly or partly any or all the Bids without assigning any reason, whatsoever.

**Chief Administrative Officer**



Government of Nepal
Ministry of Urban Development

### Department of Urban Development and Building Construction
### Project Office of Urban Development and Building Construction, Rupandehi

### INVITATION FOR BIDS (IFB)

**DATE OF PUBLICATION: 2082-12-02 BS (March16, 2026AD)**

Department of Urban Development & Building Construction, Project Office of Urban Development and Building Construction, Rupandehi invites electronic bids for construction of following works under NCB procedures. All other information and bid documents can be downloaded from PPMO'S website: www.bolpatra.gov.np/egp (FPIURupandehi). All eligible bidders are requested to submit bid with the requested documents within mentioned period.

| S.N. | Contract ID No/Bid No | Description of Works | Estimated Amount (Without VAT & Contingencies) (NRs) | Bid Security Amount (NRs) | Bid Document Price (NRs) | Last date of Bid Submission and Time |
|---|---|---|---|---|---|---|
| 1 | PUDBC/Rupandehi/ NCB/Works/29/082/83 | Building Construction of Nepal Adarsha Multiple Campus Shivpur, Shivraaj Municipality- 01 | Turnover (Millions): 38.8<br>Similar Size (Millions):10.4 | 8,05,000/- | 5,000 | April 16, 2026 (2083-01-03) 12:00 Hours |
| 2 | PUDBC/Rupandehi/ NCB/Works/30/082/83 | Construction of Buildings Mahendra Ma.Vi Krishnanagar-2 and Madarasa Arbiya Talimal Islam Krishnanagar-7, Kapilvastu | Turnover (Millions): 38.8<br>Similar Size (Millions) :10.4 | 8,05,000/- | 5,000 | |
| 3 | PUDBC/Rupandehi/ NCB/Works/31/082/83 | Construction of Buildings of Aadarsha Ma.Vi Shivrajnagar-6 and Banganga madarsa all islaha Banganga, Kapilvastu | Turnover (Millions): 38.8<br>Similar Size (Millions) :10.4 | 8,05,000/- | 5,000 | |

**Project Chief**